# केरामा लाग्ने पानामा रोग सम्बन्धी अत्यन्त जरुरी सूचना

कैलाली जिल्लाको टिकापुर क्षेत्र तथा नवलपरासी (ब.सु.प.) जिल्लाको प्रतापपुर क्षेत्रमा केही केरा बगैचामा हालसालै केराको बोट पानामा ओईलाउने रोगको खतरनाक प्रजाति टि आर ४ रोगको खतरनाक प्रजाति टि आर ४ देखिएको सन्दर्भमा, सो रोग अन्यत्र फैलन नदिनको लागि निम्नानुसारको निम्नानुसार सावधानीहरु अपनाउनुहुन सम्पुर्ण सरोकारवालाहरुलाई सूचित गरिन्छ।

**पानामा ओईलाउने रोग प्रजाति टि आर ४ का लक्षणहरुः** यो रोग लागेमा शुरुमा पुराना पातको फेद पहेलो हुन्छ । त्यसपछि पातको किनारा पहेंलिन थाल्छ र पात सुकेर डाँठहरू भाँचिन्छन्। थाम ठाडो चिरेर भित्र हेर्दा राता र खैरा धर्साहरु गानाबाट टुप्पातिर फैलिएको देखिन्छ। जराहरू कालो हुन्छन र सड्छन्। । यि धर्साहरु विस्तारै थामको माथि तिर बढ्न थाल्छन्। यो ढुसि माटोमा बस्दछ। जरा बाट विरुवा भित्र पस्दछ। केराको थामहरु फुट्न थाल्छन विरुवा मर्नु भन्दा पहिला जराबाट धेरै नयाँ पालुवाहरु आउन थाल्छन्। रोगको प्रकोप बढि भएको अवस्थामा केरामा फल लाग्दैन र लागे पनि कोसाहरु साना हुन्छन्।

- यो रोग माटो, पानी, कृषि औजार उपकरण, र रोग संक्रमित बिरुवा एवं विरुवाजन्य वस्तुहरुबाट फैलन सक्ने भएकाले संकास्पद केरा बगैंचामा जाँदा जुत्ता चप्पललाई सुज कभर वा प्लास्टिकले ढाकेर मात्र जाने र केरा बगैंचाबाट निस्कनु पूर्व गहिरो खाडलमा गाड्ने वा सुरक्षितसाथ जलाएर नष्ट गर्ने तथा सङ्क्रमित बगैंचाबाट केरा विरुवा तथा विरुवाजन्य उपजहरु जथाभावी अन्यत्र नलैजाने।
- केरा बगैंचाको घेरा भित्र प्रवेश र बाहिर निस्कनको लागि एउटा मात्र मार्ग निर्धारण गर्ने। केरा बगैंचामा प्रवेश गर्दा कामदार / ब्यक्तिहरुले भित्र प्रयोग हुने जुत्ता, गमबुट भित्रको लागि छुट्टै प्रयोग गर्ने र बाहिर निस्कदा छुट्टै प्रयोग गर्ने र
- रोगको फैलावट हुन नदिन बगैंचामा प्रयोग हुने औजार, उपकरणलाई १ प्रतिशत सोडियम हाईपोक्लोराइट वा १० प्रतिशत (९०० एम एल पानीमा १०० एम एल ब्लिच राखे) उपचार गरेर निसंक्रमण गरेर मात्र अर्को फिल्डमा प्रयोग गर्ने।
- केरा तथा केराका बिरुवा तथा विरुवाजन्यवस्तुहरु ओसारपसार गर्ने ढुवानीको साधनहरु संकास्पद बगान भित्र प्रवेश गर्न नदिने।
- केरा बगैंचामा घेराबेरा/तारबार (fencing) गर्ने । कुकुर, विरालो, वाखा, गाई, भैंसी लगायत वस्तुभाउहरु प्रवेश हुन नसक्ने गरि जालीवाला तारवारको तरिका अपनाउने।
- बगान भित्र केरा वा केराजन्य/सम्बन्धिबस्तुहरु ढुवानी गर्ने साधन प्रवेश नगराउने।
- केराको फल कोशा/काईयो/हातो (भित्री डण्ठा/लठ्ठी peduncle बाहेक) मात्र काट्ने र त्यसरी काट्दा भुइ वा माटोसँग सम्पर्क नहुने गरि प्लास्टीक ओच्छाएर मात्र काट्ने। यसरी तयार गरिएको केरा मात्र बजारिकरणको लागि बाहिर ल्याउने।
- केरा वगानबाट पानी बाहिर बगेर जान नदिने।
- संक्रमित क्षेत्रको नर्सरीबाट केराको बेर्ना बाहिर जान नदिने ।
- छिमेकी मुलुकबाट अवैधानिक केराका विरुवाहरुको आउन नदिन सबै जना सजग रहने ।
- नयाँ वगैचा स्थापनाका लागि सावधानी अपनाउने। तन्तु प्रजनन् तरिकाबाट उत्पादित रोग रहित स्वस्थ बिरुवा मात्र रोपण गर्ने।
- कतै तपाई हाम्रै कारणले रोग एक ठाउँबाट अर्को ठाउँमा फैलिरहेको त छैन? यस बारेमा समयमै सचेत बनौं।

अनुरोधकः
नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, रुपन्देही/नवलपरासी (ब.सु.प.)

CS Scanned with CamScanner

# केरामा लाग्ने पानामा ओइलाउने रोगको प्रजाति टि आर ४ नियमनको लागि सिफारिस गरिएको प्राविधिक आचार संहिता

- केरा बगैंचामा जैविक सुरक्षा प्रणाली लाई अवलम्बन गर्ने।
- केरा बगैंचामा घेराबेरा/तारबार गर्ने। बाख्रा, गाई, भैंसी लगायत वस्तुभाउहरु प्रवेश हुन नसक्ने गरि जाली वाला तारवारको तरिका अपनाउने।
- बगैंचाको घेरा भित्र प्रवेश हुनको लागि र बाहिर निस्कनको लागि एउटा मात्र मार्ग निर्धारण गर्ने। केरा बगानमा प्रवेश गर्दा कामदार/अन्य व्यक्तिहरुले भित्र प्रयोग हुने जुत्ता वा गमबुट भित्रको लागि छुट्टै र बाहिरको लागि छुट्टै प्रयोग गर्ने। पाहुना आफन्तजनहरुले पनि सकेसम्म वगैंचामा प्रवेश नगर्ने र प्रवेश गर्नै परेको खण्डमा सुज कभर लगाएर मात्र प्रवेश गर्ने। बगैंचा बाट बाहिर निस्कदा रोगको फैलावट हुन नदिन निसंक्रमण सम्वन्धी सावधानी अपनाउने।
- केराको बोटको पात एक बगानबाट अन्यत्र घाँसपातको रुपमा वस्तुलाई खुवाउन साइकल, मोटरसाइकल आदी मा बाहिर नलैजाने/लैजान नदिने।
- कसैले पनि वगैंचामा रहेको घांस काटेर बगैंचा वाहिर लैजान नपाईने।
- बगैंचा भित्र केरा वा केराजन्यवस्तुहरु ढुवानी गर्ने साधनको **प्रवेशलाइ पूर्ण निषेध** गर्ने।
- केराको फल, कोशा, काईयो वा हातो भित्री डण्ठावा/लठ्ठीवा/पेडंकल बाहेक हुने गरी मात्र काट्ने र त्यसरी काट्दा भुइ वा माटोसंग संपर्क नहुने गरि प्लास्टीक ओच्छ्याएर मात्र काट्ने। बजारिकरणको लागि तयार गरिएको केरा बाहिर ल्याउने सवारी साधनको चक्का निसंक्रमण गर्ने।
- केरा फल ढुवानी गर्दा एकद्धार प्रणाली अपनाउने।
- केरा बगैंचाबाट पानी बाहिर बगेर जान नदिने।
- जाली भित्रवाट वरिपरी गहिरो ट्रेन्च खन्ने।
- नयाँ बगैंचा स्थापनाका लागि सावधानी अपनाउने।
- आन्तरिक क्वारेन्टाइन अपनाउन सबै सरोकारवाला निकायहरु जिम्मेवारीपूर्वक लाग्ने।
- संक्रमित क्षेत्रको नर्सरीवाट केराको बेर्ना बाहिर जान नदिने ।
- छिमेकी मुलुकवांट अवैधानिक केराका विरुवाहरु आउन नदिन सबै जना सजग रहने, अवैध आयात भएको पाइएमा स्थानिय प्रशासन समक्ष तुरुन्त उजुरी गर्ने । अवैध रुपमा भित्रिएका केरालाइ समेत सुरक्षित रुपमा व्यवस्थापन गर्ने।
- सम्पूर्ण रोगका श्रोतहरुलाइ पुर्णरुपमा निर्मलीकरण गर्ने।

*द्रष्टव्यः पानामा टि आर ४ रोग केराको फलबाट सर्दैन र संक्रमित बोटको फल सेवन गर्नाले मानव तथा पशु स्वास्थ्यमा कुनै पनि असर पर्दैन।*

<u>अनुरोधक</u>

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर
राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुपन्देही/नवलपरासी (ब.सु.प.)
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)
प्रतापपुर गाउँपालिका, नवलपरासी (ब.सु.प.)
सुस्ता गाउँपालिका, नवलपरासी (ब.सु.प.)

CS Scanned with CamScanner